## धनगढीमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा
२ नं. प्रदेश, नेपाल

## हाट बजार ठेक्का वन्दोवस्त सम्वन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०७७/०९/०९)

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को नियम ८४ वमोजिम यस नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका देहाय वमोजिमका बजारहरुको चालु आ.व. २०७७/७८ का लागि नियमित हाट बजार सेवा शुल्क (राजश्व) उठाउने प्रयोजनको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संस्था वा कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलवन्दी दरभाउ पत्र पेश गर्न सम्वन्धित सबैका लागी यो सुचना प्रकाशित गरिएको छ ।

### शर्तनामा

१. प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ औं दिन भित्र यस कार्यालयको एन.सी.सी.बैंक, धनगढीमा रहेको आन्तरिक राजश्व खाता नं. १४२००००४०८०१ मा रु. १०००/-(रु. एक हजार, पछि फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर वा नगदै बुझाई दरभाउ पत्र फारम यस कार्यालयको राजश्व उप-शाखाबाट खरिद गर्न सकिनेछ । इजाजत प्राप्त कम्पनीको हकमा नवीकरण भएको ठेक्का ईजाजत पत्र तथा स्थायी लेखा नम्बर (PAN) र भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.ब. २०७६।०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि निवेदन साथ पेश गर्नुपर्नेछ ।

२. रितपूर्वक भरिएको दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिन दिनको १२.०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । दर्ता भएको दरभाउपत्र सोही दिनको २.०० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र साथ तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको एन.सी.सी.बैक, धनगढीमा रहेको धरौटी खाता नं. धरौटी १४२००००४१९०१ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बरावरको नेपाल सरकारको मान्यता प्राप्त बैंकहरु (बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक)बाट घटिमा पचहत्तर दिनको मान्य अवधि भएको सक्कल बिडबण्ड (Bid Security) पेश गर्नु पर्नेछ ।

४. दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट भर्नु पर्नेछ ।

५. दरभाउपत्र दाखिला गर्दा शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, दरभाउपत्र दाताको नाम, ठेगाना आदि स्पष्ट रुपमा खुलाउनु पर्नेछ ?

६. दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।

७. एक फर्मको नामबाट खरिद भएको दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाईने छैन ।

८. रित नपुगी शर्त राखी वा म्याद नाघी आएको दरभाउपत्र माथि कार्यवाही हुने छैन ।

९. दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. सेवा शूल्क असुल गर्दा करदातालाई दिईने रसिद नगर कार्यपालिकाको कार्यालयले तोकिदिएको ढांचामा ठेकेदारको तर्फवाट छपाई सि.नं.००१ देखि संख्या (Numbering) शुरु गरी नगर कार्यपालिकाको कार्यालयमा ल्याई नगर कार्यपालिकाको कार्यालयको छाप लगाई प्रमाणित भए पछि मात्र प्रयोग गर्न पाईनेछ। विना छापको रसिद प्रयोग गरेको फेला परेमा नगर कार्यपालिकाको कार्यालयद्वारा कानूनी कार्वाही हुनेछ । साथै नगर कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराइने हाट वजार सेवाको दररेटहरुको वोर्ड वनाई ठेकेदारले नै राख्नु पर्नेछ ।

११. नगरपालिकालाई बुझाउनेपर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन । कुनै कारणवश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भए पनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ ।

१२. सूचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको सूचना पार्टीमा टास गरी जानकारी गराइनेछ साथै सूचना सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१३. यस ठेक्का वापत नेपाल सरकारलाई वुझाउनु पर्ने सम्पूर्ण करदस्तुर फि, महशुल आदि ठेकेदारले नै वुझाउनु पर्नेछ।

१४. ठेकेदारले शूल्क उठाउन नियुक्त गरेको कर्मचारीको नाम, थर, ठेगाना खुलेको नामावली नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । त्यसरी नियुक्त कर्मचारीले तोकिएको शुल्क भन्दा वढी रकम उठाएमा वा नगरपालिकाको अहित हुने कार्य गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ ।

१५. नगरपालिकाले निर्धारण गरेको दररेट भन्दा फरक मूल्य निर्धारण गरी संकलन गर्न पाउने छैन ।

१६. तपसिल बमोजिमको न्यूनतम अंक भन्दा माथि कबोल गर्नु पर्नेछ । साथै दरभाउ पत्र पेश गर्दा प्रत्येक बजारको दरभाउ पत्र छुटाछुटै शिलबन्दी गरि पेश गर्नु पर्नेछ । शिलबन्दी दरभाउ पत्रमा दरभाउपत्रदाताले रीतपूर्वक सहीछाप गरेको हुनु पर्नेछ ।

१७. दरभाउपत्र स्वीकृत भए पछि ठेका अतिरिक्त मु.अ.कर १३% तथा आयकर वापत १.५% समेत गरी जम्मा १४.५% ( चौध दशमलव ५ प्रतिशत) रकम ठेक अंकमा जोडि एकमुष्ठ दाखिला गरेमा, ठेक अंकमा ५% छुट दिनेछ । एकमुष्ठ रकम दाखिला गर्न नसकेमा ठेक रकमको दुई किस्ता गरी पहिलो किस्ता पूर्जी लिनु अगावै दोश्रो किस्ता २०७७ चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ । साथै किस्ताबन्दी गर्दा बाँकी ठेक रकम बराबरको यस कार्यालयका नाउँमा मान्यता प्राप्त बाणिज्य बैङ्कवाट जारि गरिएको कम्तीमा ७ महिना म्याद भएको कार्य सम्पादन जमानी पत्र सक्कल प्रति चलन पूर्जि लिनु अगाबै पेश गर्नु पर्नेछ ।

१८. सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ वा प्रचलित कानून बमोजिम हुनेछ ।

१९. अन्य जानकारीको लागी कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

**तपसिल**

| क्र.सं | ठेक्का नं. | कामको विवरण | न्यूनतम दर (मु.अ.कर बाहेक) | धरौटी रकम |
|---|---|---|---|---|
| १ | आ.२०७७।०७८-२० | धनगढी बजार | ६,३१,२००।०० | ३१,५६९।०० |
| | | जिरोमाईल | | |
| | | छपराडी बजार | | |

धनगढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा

**बोलपत्र दाताले भर्ने :-**

धनगढीमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धनगढी, सिरहा, २ नं. प्रदेश, नेपालबाट हाट बजार सेवा शुल्क (हाट बजार राजश्व) ठेक्का बन्दोबस्तका लागि प्रथम पटक मिति २०७७/०९/७ मा प्रकाशित सिलबन्दी दरभाउ पत्रको सूचनामा उल्लेख भएको शर्त र यस फारममा उल्लेखित सबै दफा उपदफाहरु (शर्त) स्वीकार गरी, सो शर्त वन्देजका परिधि भित्र रही आ.व. २०७७/०७८ को बाँकी अवधि (२०७७ साल माघ १ गते देखि २०७८ साल आषाढ मसान्त सम्म) को लागि जम्मा रु.....................(अक्षरेपी रु. ...........................................) मात्रमा अग्रीम एक मुष्ट गनी हुने महशुलमा ठेक्का लिन इच्छुक भएकोले त्यसको सयकडा ५% (पाँच प्रतिशत) ले हुने रकम बरावरको सरकारको मान्यता प्राप्त बैंकहरु (बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक ) बाट जारी गरिएको घटिमा पचहतर दिनको मान्य अवधि भएको सक्कल बिडबण्ड (Bid Security) पेश गर्नु पर्नेछ वा यस धनगढीमाई नगर कार्यपालिकाको कार्यालयको एन.सी.सी.बैंक.लि., धनगढी स्थित च.हि.नं. .................. धरौटी खातामा रु. .................... (अक्षरेपी रु. ............................................) मात्र जम्मा गरेको सक्कल बैंक भौचर थान ....... यसै साथ संलग्न राखि पेश गरेको छु र सो रकममा ठेक्का स्वीकृत भएमा नियमानुसार कानून बमोजिम कबुलियत गरी ठेक्का चलन गर्नेछु ।

**सिलबन्दी दरभाउपत्र दाताको रेखात्मक सही :-**

दायाँ वायाँ

हस्ताक्षर :-

सही :-

नाम :-

ठेगाना :-

इति सम्वत् २०७७ साल पौष ........ गते रोज ...... शुभम् ----------------------------------------।